# विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८२

<u>प्रस्तावना</u>: विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ एवं सोही ऐनको दफा १५ को खण्ड (ठ) तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम विज्ञापन बोर्डमार्फत विद्युतीय सञ्चारमाध्यमको लागि लोककल्याणकारी विज्ञापनको उत्पादन, प्रसारण र भुक्तानी कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्वन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले विज्ञापन बोर्डको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) "जिल्लास्तरीय सिफारिस समिति" भन्नाले दफा १२ बमोजिम गठित जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ सम्झनु पर्छ।

(ङ) "बोर्ड" भन्नाले विज्ञापन वोर्डलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "लोककल्याणकारी विज्ञापन" भन्नाले विद्युतीय सञ्चारमाध्यमलाई बोर्डमार्फत उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी सूचना वा सन्देशलाई सम्झनु पर्छ।

(ज) "लोककल्याणकारी विज्ञापनको रकम" भन्नाले बोर्डबाट सार्वजनिक हितसँग सम्वन्धित सूचना वा सन्देशहरु प्रसारण गरे बापत विद्युतीय सञ्चारमाध्यमलाई दिइने रकमलाई सम्झनु पर्छ ।

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

राधिका अर्याल
सचिव

CamScanner

(झ) "विद्युतीय सञ्चारमाध्यम" भन्नाले नियमानुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका टेलिभिजन, रेडियो र एफ. एम. रेडियोलाई सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित लोककल्याणकारी विज्ञापन सिफारिस समिति सम्झनु पर्छ ।

(ट) "सरकारी निकाय" भन्नाले संघीय संसद सचिवालय, अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, संवैधानिक निकाय, विभाग, प्रदेश सरकार, स्थानीय तह र नेपाल सरकारअन्तर्गतका अन्य सरकारी कार्यालय समेतलाई सम्झनु पर्छ ।

(ठ) "हुलाक कार्यालय" भन्नाले हुलाक सेवा विभाग अन्तर्गतको हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयलाई सम्झनु पर्छ ।

३. लोककल्याणकारी विज्ञापन उत्पादन तथा प्रशासनिक खर्चः (१) बोर्डले ऐनको दफा १५ को खण्ड (ठ) बमोजिम विद्युतीय सञ्चारमाध्यमलाई उपलब्ध गराउने सार्वजनिक हितसम्बन्धी विज्ञापन उत्पादन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन उत्पादन गर्दा दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा गर्नु पर्नेछ ।

(३) बोर्डले विज्ञापन उत्पादन तथा प्रशासनिक खर्च गर्दा चालु आ.व. मा विद्युतीय सञ्चार माध्यमतर्फ विनियोजित रकमको पाँच प्रतिशत भन्दा वढी खर्च गर्न पाउने छैन ।

४. लोककल्याणकारी विज्ञापन संकलन तथा उत्पादन (१) सरकारी निकायले नियमावलीको नियम ६ बमोजिमका लोककल्याणकारी विज्ञापन सामग्री प्रसारण गर्नु परेमा बोर्डमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त तथा सिफारिस समितिले निर्धारण गरेका विषयवस्तुमा लोककल्याणकारी विज्ञापन सामग्री उत्पादनका लागि बोर्डको कार्यालयमा पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएका विषयवस्तुमा बोर्डको कार्यालयले विज्ञापन सामग्री उत्पादन गरी सिफारिस समितिमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम उत्पादित विज्ञापन सामग्रीको अध्ययन गरी समितिले स्वीकृतीको लागि बोर्डमा सिफारिस गर्नेछ ।

५. समितिको गठनः (१) लोककल्याणकारी विज्ञापन प्रसारणको लागि बोर्डमा सिफारिस गर्न देहाय बमोजिम लोककल्याणकारी विज्ञापन सिफारिस समिति रहनेछः-

राधिका अर्याल
सचिव

(क) बोर्डको अध्यक्ष, -संयोजक
(ख) बोर्डले तोकेको बोर्डको सदस्य -सह-संयोजक
(ग) प्रमुख प्रशासकीय अधिकृत, बोर्ड - सदस्य
(घ) निर्देशक, हुलाक सेवा विभाग - सदस्य
(ङ) अध्यक्षले तोकेको विद्युतीय सञ्चारमाध्यमका विषय विज्ञ एक जना - सदस्य

(२) अध्यक्षले तोकेको बोर्डको अधिकृत कर्मचारीले समितिको सचिव भई कार्य गर्नेछ।

(३) संयोजकको अनुपस्थितिमा सह-संयोजकको संयोजकत्वमा समितिको बैठक बस्नेछ।

(४) समितिले आफ्नो कार्यलाई छिटोछरितो र व्यवस्थित गराउन आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

६. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लोककल्याणकारी विज्ञापन उत्पादनका लागि विषयवस्तु छनौट गर्ने,
(ख) उत्पादित विज्ञापन सामग्रीको अध्ययन गरी आवश्यक परिमार्जनका लागि निर्देशन दिने,
(ग) लोककल्याणकारी विज्ञापन प्रसारणका लागि बोर्डमा सिफारिस गर्ने,
(घ) सरकारी निकायबाट प्राप्त हुने लोककल्याणकारी विज्ञापन प्रसारणको लागि बोर्डमा सिफारिस गर्ने,
(ङ) लोककल्याणकारी विज्ञापनको प्राथमिकताक्रम, समयतालिका तथा प्रसारणको भूगोल वा क्षेत्र निर्धारण गर्न बोर्ड समक्ष सिफारिस गर्ने,
(च) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण वापतको भुक्तानी गर्ने कार्य, जिल्ला सिफारिस तथा अनुगमन समितिको कार्य तथा अन्य प्रशासनिक कार्य गर्नको लागि हुलाक कार्यालयलाई आवश्यक रकम निर्धारण गरी बोर्ड समक्ष सिफारिस गर्ने,
(छ) आवश्यकताअनुसार लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रसारणलाई व्यवस्थित गर्न बोर्डसमक्ष सिफारिस गर्ने,
(ज) दफा ८ बमोजिम सूचीकृत भई दफा ९ बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारणका लागि आवेदन दिएका र दफा १० बमोजिम शर्त पूरा गरेका विद्युतीय सञ्चारमाध्यमलाई विज्ञापन प्रसारणको लागि बोर्ड समक्ष सिफारिस गर्ने ।

२।६।७।

राधिका अर्याल
सचिव

७. <u>लोककल्याणकारी विज्ञापन स्वीकृती</u>: (१) बोर्डले समितिको सिफारिसमा लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रसारणको स्वीकृति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कुनै लोककल्याणकारी विज्ञापन प्रसारण गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो विज्ञापन उत्पादन तथा स्वीकृत गरी प्रसारणको लागि विद्युतीय सञ्चारमाध्यममा पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रसारणको लागि पठाईएको विज्ञापन बोर्ड बैठकमा जानकारी गराउनु पर्नेछ ।

८. <u>विद्युतीय सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण:-</u> (१) विद्युतीय सञ्चारमाध्यमले विज्ञापन कारोबार गर्न बोर्डमा सूचीकरण गरी प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विद्युतीय सञ्चारमाध्यमले सूचीकरण गर्न देहायका कागजातसहित बोर्डको अनलाइन प्रणालीमार्फत आवेदन दिनुपर्नेछः-

(क) संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानुनबमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाण,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,
(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(छ) संस्थाको लेखापरीक्षण प्रतिवेदन,
(ज) नियमित प्रसारणमा रहेको प्रमाण वा स्वघोषणा ।

(३) बोर्डमा सूचीकृत सञ्चारमाध्यमले नवीकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछः-
(१) इजाजतपत्र तथा लाइसेन्सको नवीकरण,
(२) करचुक्ताको प्रमाणपत्र,
(३) लेखापरीक्षण प्रतिवेदन।

९. <u>लोककल्याणकारी विज्ञापन प्रसारण</u>: (१) बोर्डमा सूचीकृत विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गर्न र सो बापत रकम भुक्तानी पाउन प्रत्येक आर्थिक वर्षमा बोर्डले तोकेको समयभित्र बोर्डसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । उक्त निवेदन विद्युतीय माध्यमबाट समेत माग गर्न र पेश गर्न सकिनेछ ।

२।८।१

राधिका अर्याल
सचिव

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन बोर्डले छानविन गरी दफा १० बमोजिमका शर्त पूरा गरेका विद्युतीय सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन प्रसारणका लागि स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) लोककल्याणकारी विज्ञापन प्रसारण गर्न स्वीकृत प्राप्त विद्युतीय सञ्चारमाध्यमको सूची, प्रसारण सामग्री, प्राथमिकताक्रम र विज्ञापन प्रसारण समय तालिका बोर्डको वेबसाइटमा राखिने छ र सोही बमोजिम विद्युतीय सञ्चारमाध्यमले प्रसारण गर्नु पर्नेछ । प्रसारण गर्नु पूर्व सो को जानकारी लिखित रुपमा बोर्ड तथा सम्वन्धित हुलाक कार्यालयमा गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदन र उपदफा (२) बमोजिमको कागजात लिन तथा उपदफा (३) बमोजिमको प्राथमिकताक्रम र विज्ञापन प्रसारण समय तालिका उपलव्ध गराउने कार्य बोर्डले सूचना प्रविधि प्रणालीमार्फत समेत गर्न सक्नेछ ।

(५) बोर्डले विद्युतीय सञ्चारमाध्यममा भूगोल, भाषा, संस्कृति तथा समयको आधारमा तयार गरिएका लोककल्याणकारी विज्ञापन लक्षित भूगोलका विद्युतीय सञ्चारमाध्यममा मात्र प्रसारण गर्न पठाउन सक्नेछ ।

(६) बोर्डले विद्युतीय सञ्चारमाध्यमलाई ईमेल वा सूचना प्रविधि प्रणालीलगायतको माध्यमबाट लोककल्याणकारी विज्ञापन उपलव्ध गराउन सक्नेछ ।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा सम्वन्धित निकायबाट विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीका लागि प्रवाह गर्नुपर्ने अत्यावश्यक, जरुरी र सार्वजनिक हितका सूचना वा विज्ञापन प्रसारणका लागि बोर्डमा अनुरोध भै आएमा र बोर्डले उपयुक्त ठानी उपलव्ध गराएका विज्ञापन वा सूचना विद्युतीय सञ्चारमाध्यमले नि:शुल्क वा सहुलियत दरमा प्रसारण गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सहुलियत दरमा प्रसारण गरेका सूचना वा विज्ञापन प्रसारण बापतको रकम बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>विद्युतीय सञ्चारमाध्यमले पालना गर्नुपर्ने शर्तहरु</u> : विद्युतीय सञ्चारमाध्यमले यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण गर्नको लागि देहायका शर्तहरु पूरा गरेको अनुसूची-२ बमोजिमको स्वघोषणा पेश गर्नुपर्नेछ ।

(क) राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ पालना गरेको,

(ख) श्रमजीवी पत्रकारसम्वन्धी ऐन, २०५१ र श्रमजीवी पत्रकारसम्वन्धी नियमावली, २०५३ पालना गरेको,

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

२।८६३।

राधिका अर्याल
सचिव

(ग) विज्ञापन ऐन, नियम, विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता, २०७३ पालना गरेको,

(घ) वर्षको कम्तीमा पनि ३३० दिन नियमित प्रसारण भएको,

(ङ) प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रसारण भएको,

(च) प्रत्येक कार्यक्रममा एक तिहाई भन्दा कम समय विज्ञापन प्रसारण भएको,

(छ) बोर्डले तोके बमोजिमको लोककल्याणकारी विज्ञापनको प्रसारण तालिकाअनुसार प्रसारण गरेको प्रसारण तालिका र प्रसारण प्रमाणपत्र पेश गरेको,

(ज) एउटै कलसाईनको प्रयोग गरी वा नगरी तीस प्रतिशत भन्दा बढी कार्यक्रम रिले वा हुवहु प्रसारण नगरेको,

(झ) अदालतको फैसलाबाट दोषी ठहर भई कारवाहीमा नपरेको,

(ञ) नियमित प्रसारण भएको एक वर्ष पूरा भएको प्रमाण वा लाइसेन्स तथा इजाजतपत्र लिएको दुई वर्ष पूरा भएको,

तर कुनै कारणवस रेडियो वा टेलिभिजनको लाईसेन्स वा ईजाजत नविकरण नभई जरीवाना तिरी नयाँ लाईसेन्स वा ईजाजत जारी भएको अवस्थामा शुरुको लाईसेन्सलाई आधार मानी वर्ष गणना गर्न सकिनेछ ।

११. <u>हुलाक कार्यालय मार्फत गर्न सकिने:</u> (१) बोर्डले विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारणको अनुगमन तथा भुक्तानी सम्बन्धी कार्य सम्बन्धित हुलाक कार्यालयमार्फत समेत गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिमको कार्य गरेवापत जिल्लास्तरीय सिफारिस समितिको प्रशासनिक तथा अन्य आवश्यक रकम समितिको सिफारिसमा बोर्डले निर्धारण गरे बमोजिम सम्बन्धित हुलाक कार्यालयलाई उपलब्ध गराईनेछ ।

(३) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्य देहायका आधारमा गर्नेछः-

(क) आफ्नो कार्यक्षेत्रभित्र लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यमको अभिलेख राख्ने,

२।५।८।

राधिका अर्याल
सचिव

(ख) विद्युतीय सञ्चारमाध्यममा बोर्डले तोके वमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण भए नभएको जाँचबुझ तथा अनुगमन गर्ने,

(ग) जिल्लास्तरीय सिफारिस समितिको सिफारिसमा यस कार्यविधिअनुरुप विद्युतीय सञ्चारमाध्यमबाट प्राप्त विजकहरुको भुक्तानी दिने र सोको विवरण बोर्डमा पठाउने,

(घ) प्राथमिकताअनुरुप तत्काल प्रसारण गर्नुपर्ने विज्ञापन प्रसारण गर्न विद्युतीय सञ्चारमाध्यमलाई तुरुन्त जानकारी गराउने,

(ङ) बोर्डले तोके बमोजिमको प्रसारण तालिकाअनुसार प्रसारण नगरी कम गरेमा प्रसारण भएको आधारमा लोककल्याणकारी विज्ञापन बापतको रकम दामासाहीले भुक्तानी गर्ने,

(च) बोर्डले तोकेको प्रसारण समयअनुसार प्रसारण नगरी अन्य समयमा प्रसारण गरेमा प्रसारण भएको समयको निर्धारित दर अनुसार भुक्तानी गर्ने,

(छ) बोर्डसँग समन्वय गरी लोककल्याणकारी विज्ञापन प्रसारणसम्वन्धी अन्य कार्यहरु गर्ने ।

१२. <u>जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः</u> (१) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेक अन्य जिल्लाको हकमा विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारणको अनुगमन तथा भुक्तानीको सिफारिशका लागि देहाय अनुसारको जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति रहनेछः-

(क) कार्यालय प्रमुख, हुलाक कार्यालय -संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) प्रतिनिधि, नेपाल पत्रकार महासंघको जिल्ला स्तरीय शाखा -सदस्य

(२) संयोजकले तोकेको कर्मचारीले जिल्लास्तरीय सिफारिस समितिको सचिव भई कार्य गर्नेछ।

(३) जिल्लास्तरीय सिफारिस समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) जिल्लास्तरीय सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



राधिका अर्याल
सचिव

CamScanner

(क) लोककल्याणकारी विज्ञापन प्रसारणको अनुमति पाएका आफ्नो जिल्लाभित्रका विद्युतीय सञ्चारमाध्यमले यस कार्यविधिबमोजिम विज्ञापन प्रसारण गरे-नगरेको अनुगमन गरी भुक्तानीको लागि हुलाक कार्यालयलाई सिफारिस गर्ने,

(ख) बोर्डसँग समन्वय गरी लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी अन्य कार्यहरु गर्ने,

(ग) समितिको बैठक भत्ता तथा प्रशासनिक खर्च बोर्डले निर्धारण गरे बमोजिम हुनेछ । बैठक भत्ता उपलब्ध गराउँदा अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्ड भन्दा बढी हुनेछैन ।

१३. लोककल्याणकारी विज्ञापनको रकम भुक्तानीः (१) विद्युतीय सञ्चारमाध्यमले दफा ९ को उपदफा (३) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापतको रकम भुक्तानी बोर्ड वा सम्बन्धित हुलाक कार्यालयमार्फत हुनेछ ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएतापनि काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेक अन्य जिल्लाबाट प्रसारण हुने विद्युतीय सञ्चारमाध्यमको भुक्तानी सम्बन्धित हुलाक कार्यालयमार्फत हुनेछ ।

(३) बोर्डले उपदफा (२) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण वापतको भुक्तानी गर्ने कार्य हुलाक कार्यालयमार्फत गराउँदा विद्युतीय सञ्चारमाध्यमलाई भुक्तानी दिन आवश्यक रकम र प्रशासनिक खर्च वापतको रकम सम्बन्धित हुलाक कार्यालयलाई उपलब्ध गराउनेछ ।

१४. विद्युतीय सञ्चार माध्यमको वर्गीकरण र रकम भुक्तानी दरः लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यमको वर्गीकरण, समय, समयतालिका र लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापतको भुक्तानीको दररेट देहाय बमोजिम हुनेछ ।

(क) रेडियो, एफ.एम. रेडियो तर्फ

| प्रति मिनेट दर | | | |
|---|---|---|---|
| | (क) वर्ग | (ख) वर्ग | (ग) वर्ग |
| समयको वर्गीकरण | १००० वाटभन्दा माथि | १००० वाटसम्म | २५० वाटसम्म |
| सुपर प्राइम | रु. ४१२।५० | रु. ३७२।९० | रु. ३३९। |

२।८।३।

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

राधिका अर्याल
सचिव



CS CamScanner

| | | | |
|---|---|---|---|
| प्राइम | रु. २७६।९० | रु. २४८।६० | रु. २२६। |
| सामान्य | रु. २०९।९० | रु. १८६।५० | रु. १६९।५० |

(ख) टेलिभिजन तर्फ

| प्रति मिनेट दर | | | |
|---|---|---|---|
| समयको वर्गीकरण | भू-उपग्रह | भू-सतही | केबल |
| सुपर प्राइम | रु. ४५२०।- | रु. २४८५।- | रु. १८१०।- |
| प्राइम | रु. ३१६५।- | रु. १७४०।- | रु. १२६५।- |
| सामान्य | रु. २३७५।- | रु. १३०५।- | रु. ९५०।- |

१५. <u>अनुगमनः</u> विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गरे नगरेको विषयमा बोर्डले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित विद्युतीय सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

१६. <u>बजेट बाँडफाँटः</u> विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारणका लागि बोर्डले प्राप्त गरेको रकम मध्ये उत्पादन तथा प्रशासनिक खर्च कट्टा गरी हुन आउने रकमको टेलिभिजनका लागि ३४ प्रतिशत र रेडियो तथा एफ.एम. रेडियोका लागि ६६ प्रतिशत बाँडफाँट गरिनेछ ।

१७. <u>विद्युतीय सञ्चारमाध्यमले विजक पेश गर्नेः</u> (१) विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापतको विजक बोर्डले तोकेको समयमा बोर्ड वा हुलाक कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) विद्युतीय सञ्चारमाध्यमले उपदफा (१) बमोजिमको अवधिपछि विजक पेश गरेमा बोर्ड वा हुलाक कार्यालयबाट लोककल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी गरिने छैन ।

(३) भुक्तानीको लागि विजक पेश गर्दा प्रसारण संस्थाले विज्ञापन प्रसारण गरेको प्रमाण र बोर्डले तोकेका अन्य कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

राधिका अर्याल
सचिव

CamScanner

१८. <u>भुक्तानी नहुने अवस्था:</u> लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापत विद्युतीय सञ्चारमाध्यमले पाउने भुक्तानी बोर्ड वा हुलाक कार्यालयले देहायको अबस्थामा भुक्तानी गर्न वाध्य हुने छैन ।

(क) राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ पालना नगरेको भनी सम्बन्धित निकायबाट लेखी आएमा,

(ख) विद्युतीय सञ्चारमाध्यमले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ तथा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवा सुविधा उपलब्ध नगराएको भनी सम्वन्धित निकायबाट लेखी आएमा,

(ग) विद्युतीय सञ्चारमाध्यमले दफा १० बमोजिमका शर्तहरु पालना नगरेमा,

(घ) विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन तोकिएको प्राथमिकताका आधारमा प्रसारण नगरेमा वा समय तालिकामा उल्लेख भए बमोजिम प्रसारण नगरेमा,

(ङ) विद्युतीय सञ्चारमाध्यमले बोर्डको निर्देशन बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण नगरेमा,

(च) विद्युतीय सञ्चारमाध्यमले पत्रकार आचारसंहिता, २०७३ पालना नगरेको भनी प्रेस काउन्सिल नेपालबाट लेखी आएमा,

(छ) विद्युतीय सञ्चारमाध्यमले विज्ञापन ऐन, नियम, विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ उल्लङ्घन गरी कारवाहीमा परेमा,

(ज) अदालतको फैसलाबाट दोषी ठहर भएमा कारवाहीको प्रकृति हेरी बोर्डले निश्चित अवधिका लागि लोककल्याणकारी विज्ञापन प्रसारणमा रोक लगाएमा,

(झ) कर चुक्ताको प्रमाणपत्र लगायत बोर्डले तोकेका अन्य कागजात पेश नगरेमा ।

१९. <u>कर कट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाईने:</u> (१) बोर्ड तथा हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत विद्युतीय सञ्चारमाध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कट्टी गरी हुन आउने रकममा ऐनको दफा २१ को उपदफा (२) (ख) बमोजिमको रकम कट्टी गरी सोही ऐनको दफा २१ को उपदफा (१) बमोजिमको कोषमा दाखिला गर्नु पर्नेछ ।

२०. <u>भुक्तानी सम्बन्धी व्यवस्था:</u> (१) विद्युतिय सञ्चार माध्यमले नेपाल राष्ट्र बैंकबाट क वर्गमा वर्गिकृत वाणिज्य बैंकमध्ये बोर्ड वा हुलाक कार्यालयले तोकेको बैंकमा खाता खोल्नु पर्नेछ ।

२०८०/९/१

राधिका अर्याल
सचिव



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
CamScanner

(२) विज्ञापन प्रसारण भएको प्रमाण तथा बोर्डले तोकेको अन्य कागजात र बिजक प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रसारण वापतको रकम विद्युतीय सञ्चारमाध्यम सञ्चालन गर्ने संस्था वा सञ्चारमाध्यमको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ ।

(३) उपदफा (२) बमोजिमका कागजातहरु भुक्तानी गर्ने कार्यालयले तोकेबमोजिम पेश गर्नुपर्ने छ ।

(४) चालु आर्थिक वर्षमा भुक्तानी लिनुपर्ने रकम तोकिएको समयमा माग नगरेमा वा अन्य कुनै कारणवाट भुक्तानी नभएमा उक्त रकमको दायित्व अर्को आर्थिक वर्षमा सर्ने छैन ।

२१. <u>थप भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्र (कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला, मनाङ, मुस्ताङ, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ जिल्ला) बाट प्रसारण हुने रेडियो तथा एफ. एम. रेडियोले अन्यत्र सञ्चालन भएका सोही प्रसारण क्षमताका विद्युतीय सञ्चारमाध्यमले पाएको सुविधाको पच्चीस प्रतिशत थप रकम प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम भौगोलिक क्षेत्र बाहेकका महिला, दलित वा अन्य पिछडिएको समुदायबाट सञ्चालित रेडियो तथा एफ. एम. रेडियोले थप भुक्तानी पाउन सबै कर्मचारी (पूर्णकालीन तथा आंशिक) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट नै हुनुपर्ने र सञ्चालक समितिको पदाधिकारी समेत सोही समूहबाट भई निम्नानुसारका प्रावधानहरु समेत पूरा भएको हुनुपर्नेछ ।

(क) २५० वाट सम्मको रेडियो तथा एफ.एम .रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ५ जना जनशक्ति पूर्णकालीन रुपमा काम गर्ने ।

(ख) २५० वाट भन्दा बढी १००० वाट सम्मको रेडियो तथा एफ.एम .रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ७ जना जनशक्ति पूर्णकालीन रुपमा काम गर्ने ।

(ग) १००० वाट भन्दा माथिका रेडियो तथा एफ. एम. रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा १० जना जनशक्ति पूर्णकालिन रुपमा काम गर्ने ।

(घ) सबै कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक भुक्तानी गरेको बार्षिक तलवी विवरण र सोको बैंक स्टेटमेन्ट पेश गर्नुपर्नेछ ।

(ङ) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट सञ्चालन भए नभएको जिल्लास्तरीय सिफारिस तथा अनुगमन समितिले अनुगमन गरी निर्णय गर्नेछ ।



राधिका अर्याल
सचिव

(३) महिला, दलित र अन्य पिछडिएको समुदायबाट संयुक्त रुपमा दर्ता भई सञ्चालन भएको रेडियो तथा एफ. एम. रेडियोलाई थप रकम भुक्तानी गरिने छैन । महिला, दलित र अन्य पिछडिएको समुदाय तथा पिछडिएको भौगोलिक क्षेत्रमध्येको कुनै सुविधा प्राप्त गरेको रेडियो तथा एफ. एम. रेडियोले दोहोरो सुविधा पाउने छैन ।

२२. रेडियो तथा टेलिभिजन प्रसारण: (१) रिले प्रसारण केन्द्र भएका रेडियो, एफ. एम. रेडियो, नेटवर्क रेडियोलाई तथा टेलिभिजनहरुलाई एउटै संस्था मानी भुक्तानी गरिनेछ ।

(२) टेलिभिजन प्रसारणमा केवल, भू-सतही र भू-उपग्रहको इजाजतपत्र प्राप्त मध्ये कुनै एकलाई मात्र भुक्तानी गरिनेछ । भू-सतही प्रसारण अनुमती प्राप्त गरेका टेलिभिजनले आफ्नो प्रसारण भू-उपग्रह वा केवल जुन माध्यमबाट गरेको हो सोही दरमा भुक्तानी गरिनेछ ।

(३) दफा १ र २ मा उल्लेख भए बमोजिम प्रसारण संस्थाले कुनै एक प्रविधि छनौट गरी लोककल्याणकारी विज्ञापन प्रसारणका लागि आवेदन दिनु पर्नेछ ।

(४) एउटै प्रसारण संस्था वा एकै व्यक्तिको स्वामित्वमा दुईवटा भन्दा बढी रेडियो तथा टेलिभिजन भएमा उक्त प्रसारण संस्थाको २ वटा रेडियो र २ वटा टेलिभिजन गरी अधिकतम ४ वटा विद्युतीय सञ्चारमाध्यमलाई मात्रै लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ ।

२३. परामर्श समिति: (१) यस कार्यविधिको कार्यान्वयनमा बोर्डलाई आवश्यक सल्लाह, सुझाव र परामर्श दिन देहाय बमोजिमको एक परामर्श समिति रहनेछ ।

(क) अध्यक्ष विज्ञापन बोर्ड - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत ,विज्ञापन बोर्ड - सदस्य
(ग) अध्यक्ष वा प्रतिनिधि ,नेपाल मिडिया सोसाइटी - सदस्य
(घ) अध्यक्ष वा प्रतिनिधि ,मिडिया एलाइन्स - सदस्य
(ङ) अध्यक्ष वा प्रतिनिधि ,सामुदायिक रेडियो प्रसारक संघ - सदस्य
(च) अध्यक्ष वा प्रतिनिधि ,ब्रोडकास्टिङ्ग एसोसिएसन अफ नेपाल - सदस्य
(छ) अध्यक्ष वा प्रतिनिधि ,रेडियो ब्रोडकास्टिङ्ग फोरम नेपाल - सदस्य
(ज) अध्यक्ष वा प्रतिनिधि ,राष्ट्रिय टेलिभिजन प्रसारक संघ - सदस्य

(२) अध्यक्षले तोकेको बोर्डको अधिकृत कर्मचारीले समितिको सदस्य-सचिव भई कार्य गर्नेछ।

(३) परामर्श समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिले बैठक सञ्चालन कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

२।१५।३।



नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

राधिका अर्याल
सचिव

(५) परामर्श समितिमा आवश्यकता अनुसार अन्य संघसंस्था तथा विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

२४. <u>अधिकार प्रत्यायोजन</u>: बोर्डले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार बोर्डको अध्यक्ष, सदस्य, बोर्डको कार्यालय वा कुनै कर्मचारी वा दफा ५ बमोजिमको समिति वा जिल्ला स्तरीय सिफारिश समितिलाई प्रत्यायोजन गर्न सक्ने छ।

२५. <u>खारेजी तथा बचाउः</u> (१) विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्यविधि,२०८१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

2।।5।२।

राधिका अर्याल
सचिव

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची -१

(दफा ९ को उपदफा (१) सँग सम्वन्धित)

### विद्युतीय सञ्चारमाध्यमहरुले लोककल्याणकारी विज्ञापन प्रसारणका लागि दिने निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू
विज्ञापन बोर्ड,
बबरमहल, काठमाडौं ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को अधिनमा रही विज्ञापन बोर्डबाट विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारण गर्न देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

(१) संस्थाको नामः
(२) सञ्चारमाध्यमको नाम (कलसाईन):
(३) ठेगानाः
(४) सञ्चालन भएको स्थानः
(५) सम्पर्क नम्बरः
(६) प्रसारण संस्थाको प्रकारः (क) रेडियो/एफ. एम. रेडियो (ख) टेलिभिजन
(७) रेडियोको हकमा क्षमता (Watt)-
(८) टेलिभिजनको हकमा प्रकार : (क ) भू-सतही (ख) भू-उपग्रह (ग) केबल

संलग्न कागजातहरु:-

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानुन बमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नविकरण गरेको प्रमाण,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं. सहितको बिवरण,
(ङ) संस्थाको प्रवन्धपत्र/विधान/ नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरिक्षण प्रतिवेदन,
(छ) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रशारण भएको प्रमाण,

राधिका अर्याल
सचिव

(ज) नियमित प्रसारण भएको एक वर्ष पुगेको वा लाइसेन्स तथा इजाजत पत्र लिएको दुई वर्ष पुरा भएको देखिने कागजात,

(झ) दफा २० बमोजिम थप भुक्तानी दावि गर्ने व्यक्तिले थप भुक्तानी प्राप्त गर्ने प्रमाण ।

हस्ताक्षर
नामः
पदः
ठेगानाः
फोन नं इमेलः
संस्थाको छापः
मितिः

नेपाल सरकार

राधिका अर्याल

# अनुसूची -२

(दफा १० सँग सम्बन्धित)

## लोककल्याणकारी विज्ञापन प्रसारणका लागि स्वघोषणाको ढाँचा

श्रीमान् अध्यक्षज्यू,
विज्ञापन बोर्ड,
बबरमहल, काठमाडौं ।

विषय: लोककल्याणकारी विज्ञापन प्रसारणका लागि स्वघोषणा पेश गरिएको बारे ।

प्रसारण संस्था/गृहको नाम: ....................

रेडियो/टेलिभिजनको नाम: ....................

ठेगाना: ....................

सम्पर्क नम्वर: ....................

प्रसारण सेवा: रेडियो / टेलिभिजन

प्रसारण सुरु मिति: ....................

यस संस्थाद्वारा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्यविधि वमोजिम सोही कार्यविधिको अनुसूची-२ अनुसार यो स्वघोषणा पेश गरिएको छ ।

मैले/हामीले निम्न शर्तहरू पूरा गरेको व्यहोरा स्वघोषणा गर्दछु/गर्दछौं:

(क) राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ पालना गरिएको छ ।

(ख) श्रमजीवी पत्रकारसम्वन्धी ऐन, २०५१ र नियमावली, २०५३ अनुसार श्रमजीवी पत्रकारको हकहितको संरक्षण गरिएको छ ।

(ग) विज्ञापन ऐन तथा विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता, २०७३ पूर्णरूपमा पालना गरिएको छ ।

(घ) चालू आर्थिक वर्षको अन्त्यसम्ममा कम्तीमा ३३० दिन नियमित प्रसारण गरिनेछ ।



राधिका अर्याल
सचिव

(ङ) प्रत्येक दिन कम्तीमा १० घण्टा प्रसारण गरिएको छ ।

(च) कुनै पनि कार्यक्रममा एक तिहाईभन्दा कम समय मात्र विज्ञापन प्रसारण गरिएको छ ।

(छ) नेपाल सरकार विज्ञापन बोर्डबाट तोकिएको लोककल्याणकारी विज्ञापनको तालिकाअनुसार प्रसारण गरिएको छ । सो सम्बन्धमा प्रसारण तालिका र प्रमाणपत्र समेत संलग्न गरिएको छ ।

(ज) एउटै कलसाइनको प्रयोग गरी वा नगरी तीस प्रतिशतभन्दा बढी कार्यक्रम रिले प्रसारण गरिएको छैन ।

(झ) नियमित प्रसारण भएको एक वर्ष पूरा भएको प्रमाण वा लाइसेन्स/इजाजतपत्र लिएको दुई वर्ष पूरा भएको छ ।

(ञ) अदालतको फैसलाबाट दोषि ठहर भई कारवाहीमा परेको छैन ।

माथि उल्लिखित सम्पूर्ण विवरणहरू ठीक साचो हो । झुटो ठहरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु/छौं ।

स्वघोषणा गर्ने व्यक्तिको विवरण:

नाम: ...................................................

पद: ...................................................

हस्ताक्षर: ...................................................

मिति: ...................................................संस्थाको छाप: (.........................)

राधिका अर्याल
सचिव